सियारी गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड : १** **संख्या : ९** **मिति : २०७४/१०/२८**

**भाग–१**

**सियारी गाउँ कार्यपालिका**

## सियारी गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

**प्रस्तावनाः** नेपालको संविधानको अनूसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सियारी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यो ऐनको नाम सियारी गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ।

(२) यो ऐन सियारी गाउँपालिका क्षेत्रभित्र राजपत्रमा प्रकाशन भएको मिति देखि तूरुन्त लागू हूनेछ।

**२. परिभाषा :**

(१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले सियारी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनू पर्छ।

(ख) “कार्यपालिका” भन्नाले सियारी गाउँ कार्यपालिका सम्झनू पर्छ।

(ग) “गाउँपालिका” भन्नाले सियारी गाउँपालिका सम्झनू पर्छ।

(ङ) “सभा” भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको गाउँसभा सम्झनू पर्छ।

(च) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनू पर्छ।

**३. नियम बनाउने अधिकार :**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनू पर्ने कार्यविधि नियमित गर्नको निमित्त सियारी गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनू पर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः**

(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही सियारी गाउँ कार्यपालिकाले आवश्यकता अनूसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

**प्रमाणिकरण मिति : २०७४/१०/२८**

**आज्ञाले**

**झविलाल भट्टराई**

**प्रमुख प्रशासकीय अधिकृत**